ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१ ❑ अङ्क-४१, २०७४ फागुन २६ गते, शनिबार (March.10, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या: ६



बच्चाले धेरै चकचक गर्ने रोग 'एडीएचडी' ?

# श्रमिक महिला दिवसमा विविध कार्यक्रम

फत्तेपुर / १०८औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा बिहिवार राजविराजमा विभिन्न कार्यक्रम आयोजना गरियो।

महिला विकास अधिकृत चन्द्रकला श्रेष्ठको अध्यक्षता तथा प्रदेश नम्वर २ को उप-सभामुख उपमा देवको प्रमुख आतिथ्यमा राजविराजमा कार्यक्रम आयोजना गरिएको हो। दिवसको अवसरमा राजविराजको शिव मन्दिरबाट शुरु भएको र्‍याली नगरपरिक्रमा गर्दै सहभागीहरुले 'महिला हिंसा अन्त्य गरौं', 'मानव बेचबिखनरहित समाज निर्माण गरौं' लगायतका नारा लगाएका थिए।

जिल्ला समन्वय समितिको सभाकक्षमा मञ्चीय कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा वक्ताहरुले नारी स्वतन्त्रताको साथै महिला हिंसा अन्त्यका लागि महिला एकजुट हुनुपर्नेमा जोड दिइन्।

नारी दिवसकै अवसर पारेर नेपाल पत्रकार महासंघ सप्तरीकी महिला उपाध्यक्ष सुधा देवलाई प्रशंसापत्र प्रदान गरिएको छ

यसैगरी रुपनी गाउँपालिकाले समेत नारी दिवस एक कार्यक्रमको आयोजना गरी मनाएको छ। ज्येष्ठ नागरिक सकुल देवी चौधरीको अध्यक्षता तथा प्रमुख हरेराम यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विशिष्ठ अतिथि उपाध्यक्ष बेचनी सरकारको रहेकी थिईन्।

सप्तरीको फत्तेपुर मा १०८ औं अन्तराष्ट्रिय नारी दिबश बिबिध कार्यक्रम गरि मनाइएको छ।

सप्तकोसी नगरपालिकाले आयोजना गरेको कार्यक्रममा नगरपालिका कार्यलयबाट महिला हिंसा अन्त्य गर बाल बिबाह अन्त्य गर लगायत लेखेका प्लेकार्डसहितको =




र्‍याली निकाली नगर परिक्रमा गरि सहिद स्मृति रंगशालामा आएर विभिन्न सास्कृतिक कार्यक्रम गरि नारी दिबश मनाएको छ। सप्तकोसी नगरपालिकाकि उप प्रमुख आशा देबि चौधरीको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रम मा नगरप्रमुख उत्तमकुमार गौतमलगायतले बोलेका थिए।

*बाँकी अन्तिम पृष्ठमा*

# गोरखा डिपार्टमेन्टको पाँचौ शाखा धरानमा



धरान / गोर्खा डिपार्टमेन्ट स्टोरको धरान-८ धनकुटे रोड स्थित शाखामा शुक्रवार देखी आम सर्वसधारणका लागि किनमेल लगायतको सुविधा प्रदान गर्दै खुला गरिएको छ। धरानमा खुलेको गोरखाको यो पाँचौ शाखा स्टेरमा ६ लाख भन्दा बढि प्रकारका दैनिक उपभोग्य वस्तु, सामाग्री तथा ताजा तरकारीहरु उपलव्ध छन्। साथै २ वटा मल्टिप्लेक्स फिल्म हल पनि सञ्चालनमा आएको छ। संघ/संस्था, समुहका लागि प्रतिक्षण, बैठक आयोजना गर्न सेमिनार हलको सुविधा पनि गोरखाले उपलव्ध गराएको छ। गोरखा किचन पनि सञ्चालन गरिएको छ। डिपार्टमेन्ट स्टोरमा ग्राहकको सेवाका लागि २ सय

*बाँकी चार पृष्ठमा*

## सूचना

कुनै पनि व्यक्तिले जात, जाति अन्तरजातीय विवहाका आधारमा परिवारका सदस्यलाई बहिस्कार गर्ने, घर प्रबेश गर्न नदिने, गाउँ निकाला गर्ने, त्यस्ताबाट जन्मिएका सन्तानको न्वारान नगर्ने जस्ता भेदभावपूर्ण कार्य गर्नु गराउनु हुदैन्। त्यस्तो कर्य गर्ने व्यक्तिलाई जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन, २०६८ बमोजिम तीन महिनादेखि तीन बर्षसम्म कैद वा एक हजारदेखि २५ हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने छ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



**श्रमिक....**

यसै गरि कंचनरुप नगरपालिकाको आयोजनामा तथा महिला तथा बालबालिका शाखा कंचनरुप नगरपालिकाको सहयोगमा कन्चनरुपमा मनाएको छ। कंचनरुप नगरपालिकाका उप प्रमुख निरु पोखरेलको अध्यक्षतामा तथा कंचनरुप

नगरपालिकाका प्रमुख बसन्त मिश्रको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

सोही अवसरमा ह्वील चेयर प्रतियोगितामा प्रथम , द्वितीय , तृतीय हुने आश्मा नेपाल , गोमा न्यौपाने र रिता श्रेष्ठ लाई पुरस्कार प्रदान गरिएको थियो। कंचनरुप ८ का अपांग फुलेश्वर राउतलाई नगद ५ सय सहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो। महिला दिवसको 'दयगतमा महिला तथा बालबालिका शाखा कंचनरुप नगरपालिकाकी प्रमुख भावना घिमिरेले जानकारी गराएकी थिइन्। आर्थिक सशक्तीकरणसहितको सामाजिक जागरण ग्रामीण तथा शहरी महिलाको जीवनस्तररुपान्तरण भन्ने नाराका साथ कंचनपुर वेरियर बाट निस्किएको र्याली नगर परिक्रमा पश्चात हटियामा गएर कोण सभामा परिणत भएको थियो। महिला दिवशकै अवसरमा २५ गते रुपनगर चौकमा सरसफाइ र २७ गते रक्तदान कार्यक्रम समेत राखिएको थियो।


तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(वरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरु:
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल बिमारीको जाच गरिन्छ र २४ सैं घण्टा

ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ९८०८०८०२८९, ९८०७७७१७००

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरु:
यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

गोरखा डिपार्टमेन्टको शाखा धरानमा
आजदेखि शुभराम्भ
GDS
हार्दिक निमन्त्रणा
यहि मिति २०७४ साल फाल्गुन २५ गते शुक्रबारका दिन यस गोरखा डिपार्टमेन्ट स्टोरको पाँचौं शाखा धरान उ.म.न.पा. वडा नं. ८ सुनसरीमा विधिवत शुभारम्भ कार्यक्रम रहेको हुनाले उक्त कार्यक्रममा यहाँको गरिमामय उपस्थिती भई प्रसाद ग्रहण गरिदिनुहुनका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मिति:२०७४ फाल्गुन २५ गते शुक्रवार
समय: बिहान ८:०० बजे देखि
स्थान: धरान उ.म.न.पा.-८, धनकुटे रोड
असमर्थतताका लागि टोल फ्रि नं.
१६६०२५५८०००




प्रबन्ध निर्देशक
बलराम आचार्य
तथा
गोरखा डिपार्टमेन्ट स्टोर
परिवार


**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स्
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

## प्रदेश नं. २ का समृद्धिका आधार

विश्वका हरेक देशका भौगोलिक बनोट, सांस्कृतिक अवस्था, हावा, पानी, खाना, जीवनशैली आदि आफ्नै प्रकारका हुन्छन् । यस्तै प्रकारका आफ्नो विशिष्ट खालको पहिचान र अवस्था भएको प्रदेश नं. २ पनि हो ।

८ वटा जिल्ला मिलेर बनेको प्रदेश २ पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तब्य स्थल हो । प्रदेश २ सामाजिक विविधता र जनसंख्याको घनत्व अधिक रहे पनि मानव विकास सूचकांकको आधारमा अन्य प्रदेशभन्दा निकै पछाडि रहेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आम्दानी लगायतका क्षेत्रमा यो प्रदेश कमजोर छ ।

राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार प्रदेश नम्बर २ मा गरिबी दर उच्च रहेको छ । प्रतिवेदनका अनुसार यो प्रदेशमा ४७.८ प्रतिशत गरिबी रहेको छ । गरिबी, बेरोजगारी र अशिक्षा यस प्रदेशका मुख्य समस्या हुन् ।

यद्यपी विभिन्न समस्याहरूको माझमा पनि प्रदेश २ मा मानवस्रोत, प्राकृतिक स्रोत, पर्यटकीय सम्भावना, कृषि, धार्मिक पर्यटनजस्ता थुप्रै सम्भावना छन् । यसलाई उचित व्यवस्थापन गर्न प्रदेश सरकार तत्पर हुनु पर्दछ ।

यहाँ रहेको सम्भाव्यता बुझेर उपयोग गर्न सके र यस प्रदेशमा राज्यले थोरैमात्र मेहनत गर्ने हो भने अन्य प्रदेशको तुलनामा प्रदेश २ बाट पर्यटन व्यवसायले बढी आम्दानी लिन सक्ने अवस्थालाई प्रदेश सरकारले बुझ्नु पर्दछ ।

### ☎ जरुरी टेलिफोन ☎

सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्बुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# थाती रहेका मुद्दासँगै विकासका सवाल

❒ सत्यनारायण मण्डल

प्रदेश नं. २ मा मधेशी दलको सरकार बन्नु स्वभाविक कुरा हो । जनताको जे अभिमत छ, जनताले जस्तो जनादेश दिएको छ, त्यसै अनुसार प्रादेशिक सरकारब बनेको हो । एमालेले यसलाई स्वागत गर्दछ ।

प्रदेश २ मा मधेशी दलको सरकार बने पनि हाम्रो भूमिका एकदम रचनात्मक रहन्छ । प्रदेश नं. २ आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक हिसाबले पिछडिएको क्षेत्र हो । प्रदेशमा अहिलेसम्म सरकारले पूर्णता पाएको छैन त्यसैले अबको सरकारले यस प्रदेशको समृद्धिका लागि के कस्तो कार्यक्रम ल्याउँदै छन्, त्यो हेर्नु पर्छ । प्रदेश नं. २, जो गरिबिको रेखामुनी छ, सामाजिक, सांस्कृतिक रूपमा पनि विभेदमा छन्, ती सबै सरकारको प्राथमिकतामा पर्छ कि पर्दैन ? आशा छ, उत्पीडित जनताका

*मुख्य कुरा त सरकारमा जो जो छन् उनीहरु इमान्दारी हुनुपर्‍यो । जनतालाई कसरी समृद्धको बाटोमा अगाडी बढाउन सक्छौँ, कसरी घर(घरमा रोजगार दिन सक्छौँ, कति अवधिभर दिन सक्छौँ, यी विषयमा गम्भीर हुनुपर्छ । यस्ता कुरामा प्रतिपक्षीसँगको सल्लाह लियो भने हामी पनि सल्लाह दिन्छौँ । हामीलाई त विकास चाहिएको हो ।*

आयात गर्नुपर्ने बाध्यता छ त्यसकारण कृषिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

संविधान संशोधनप्रति एमालेको कहिल्यै पनि नकारात्मक धारणा थिएन । हामी प्रमुख प्रतिपक्षमा थियौँ । तात्कालीन सरकारले मधेशवादी दलहरूसँग पटक(पटक छलफल गर्‍यो,सम्झौता गर्‍यो तर एमालेसँग कुनै त्यस्तो लिखित सम्झौता गरेन । तर संविधान संशोधन नुहँदा दोष एमालेलाई दिइयो । कुन बुँदामा संशोधन गर्ने, त्यसमा छलफल गरौँ । जनताभन्दा अर्को ठूलो दल हुनै सक्दैन ।

हामीले त्यसरी त सोचेका छैनौँ, कहाँ संशोधन गर्ने तर। जुन दल प्रतिपक्षमा छन्, जो संविधान निर्माणमा पनि सहभागि भएन, कालान्तरमा पनि त्यहि विषयलाई लिएर दुई चरणको निर्वाचन बहिष्कार गरे तर पछि तेस्रो चरणको निर्वाचन र प्रदेश र संघीय निर्वाचनमा भाग लिए, उनहरूबाट स्पष्ट



मागलाई ध्यानमा राखेर सरकारले कार्यक्रम ल्याउने छ । सरकारका तर्फबाट प्रभावकारी कार्यक्रम आइ सकेपछि मात्र हाम्रो सहयोग विरोध वा समर्थन गर्छौं तर सरकारप्रति हामी रचनात्मक नै रहन्छौं । हामी लडाई झगडा गरेर होइन, काँधमा काँध मिलाएर प्रदेश नं. २ को विकास गर्न चाहन्छौँ ।

यद्यपी अहिलेसम्म त हामीले प्रादेशिक सरकारसँग सहकार्य गर्ने भन्ने बारेमा सोचेका छैनौँ तर भोलीका दिनमा परिस्थिति त्यस्तै आइहाल्यो भने हामी सहकार्य पनि गर्न सक्छौं तर अहिले हामी रचनात्मक सहयोग गर्नेछौं ।

मधेशी गठबन्धनमा आवद्ध दलहरूले चुनावका समयमा घोषणापत्रमार्फत गरेका प्रतिबद्धता बिर्सनुहुन्न । हाम्रो प्रदेशको चुनौती भन्नु नै अहिले भएको मानवसूचचांक हेर्दा देशभरीकै दोस्रो स्थानमा छ । यो समस्या साझा हो । कृषि, शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, उद्योग आदि क्षेत्रमा राम्रा योजना ल्याइयो भने त्यसमा हामी पूर्ण सहयोग गर्नेछौँ ।

प्रदेशको पहिलो बैठकले शहिद परिवारका एक सदस्यलाई रोजगारी दिने भन्ने जुन निर्णय गरेको त्यसलाई गलत भन्न मिल्दैन तर निर्णय भएका विषय कति कार्यान्वयनमा आउँछ त्यो हेर्न बाँकी नै छ । मधेशी नेताहरूले नै आन्दोलनको घोषणा गर्दा सोझा सादा जनताले ज्यान फाल्नु पर्‍यो । ती पीडित परिवारको एउटा सदस्यलाई रोजगारीको व्यवस्था गरिदिनुलाई म त्यति अस्वभाविक ठान्दिन तर अब व्यवहारमा हेर्न बाँकी नै छ ।

सरकराले रोजगारीको सिर्जना गर्नुपर्छ । जस्तै(उद्योगधन्दाहरू खोल्ने, सिँचाईको व्यवस्था गर्ने, कृषिलाई आधुनिकीकरण गर्ने हो भने लाखौं युवाले स्वदेशमा नै रोजगारी पाउन सक्छ । यहाँ कुन कुन उद्योग खोल्न सकिन्छ त्यसको अध्ययन गरेर, उद्योगपति तथा विदेशीहरूलाई पनि आह्वान गरेर यहाँ भएका कच्चा पदार्थको सदुपयोग गरेर उद्योगहरू खोल्न सकिन्छ ।

मुख्य कुरा त सरकारमा जो जो छन् उनीहरू इमान्दारी हुनुपर्‍यो । जनतालाई कसरी समृद्धको बाटोमा अगाडी बढाउन सक्छौं, कसरी घर(घरमा रोजगार दिन सक्छौं, कति अवधिभर दिन सक्छौं, यी विषयमा गम्भीर हुनुपर्छ । यस्ता कुरामा प्रतिपक्षीसँगको सल्लाह लियो भने हामी पनि सल्लाह दिन्छौँ । हामीलाई त विकास चाहिएको हो ।

हो, अहिलेसम्म मधेशी गठबन्धनसँग कुनै छलफल भएको छैन । पहिला सरकार नै अहिलेसम्म पूर्णता पाइसकेको छैन । तर हिम्मत गर्‍यो भने बन्द भएका जति पनि कलकारखानहरू छन् ती सबैलाई सञ्चालन गर्ने प्रयास गर्ने कामलाई प्राथमिकतामा राख्नु पर्दछ । बन्द हड्ताल गरेर होइन अबको लडाई भनेको नै समृद्धिको लडाई हो । त्यसकारण रोजगारी नै दिलाउने हो भने हामीले प्रदेश नं. २ लाई धेरै हदसम्म अगाडी बढाउन सक्छौं ।

हामी विकासमा एक भएर बन्द भएका कारखानाहरू सञ्चालन गरौँ । त्यसमा हाम्रो पूर्ण सहयोग हुनेछ । नयाँ औद्योगिक वातावरण तयार गर्नका लागि कस्तो सहयोग आवश्यक पर्छ त्यस किसिमको सहयोग गर्न हामी तयार छौँ । कृषिलाई प्रमुख प्राथमिकतामा राखौं । पहिले खाद्यान्न निर्यात गर्ने देश अहिले अबौंको शब्दमा प्रस्ताव आउनु पर्छ । संविधानमा कहाँ कहाँ त्रुटी रहेको छ, त्यसका लागि बसेर नेपालको हित अनुकुल र मधेशकै पनि हित अनुकुलको मित्रवत् रूपमा बसेर छलफल गरेर निष्कर्षमा पुग्ने हो भने मात्र थाहा हुन्छ, कुन कुन बुँदामा संशोधन गर्नुपर्छ भन्ने ।

माग राख्दैमा सबै शतप्रतिशत माग पूरा हुन्छन् भन्ने त हुँदैन नि । जुन जुन मागहरू सम्बोधन गर्नुपर्ने हुन्छ त्यसका लागि छलफल गर्नुपर्छ । पहिले पटक(पटक संसदमा माग पेश गर्दा हामीलाई एक पटक पनि सोधेनन् । अहिले आएर दोष हामीलाई दिन्छन् । यहाँसम्म आइपुग्दा करिब करिब सबै कुरा थाहा भयो । संविधान संशोधनदेखि लिएर विकासका काममा जति पनि समस्या छन्, नेपाली जनताको हित बाहेक अन्य कुराहरू हुने छैन । संविधानका कुन(कुन धारामा संशोधन गर्नुपर्ने हुन्छ त्यसमा छलफल गरेर हामी अगाडी बढ्नेछौं ।

सिमांकनको कुरा गर्ने हो भने कहाँबाट कहाँसम्म हो ? पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म त हाम्रो पार्टीले आफ्नो स्पष्ट धारणा राखिसकेको छ । अहिले आएर हामीलाई पनि के महशुस भयो भने जानकी मन्दिरको भेटीले मात्रै त प्रदेश चल्दैन, त्यसका लागि त प्राकृतिक स्रोत पनि आवश्यक पर्दछ । जनताको चाहना नभई त कुनै पनि निर्णय गर्न मिल्दैन । त्यसकारण सबै जनताको चाहना हुनुपर्छ, प्रदेश नं. २ को जनताको चाहनाले मात्र त हुँदैन । *मधेश दर्पण फिचर सेवा)*

# यस्ता लक्षण देखिएमा क्यान्सर हुन सक्छ

विश्वमा नै क्यान्सरलाई खतरनाक रोगका रुपमा लिइन्छ। शरीरका कोषिकाहरू अनियन्त्रित रूपमा बढ्दै जानु क्यान्सर हो। यसलाई नसर्नेमध्ये खतरनाक रोगका रूपमा लिइन्छ। क्यान्सर मानिसको जुनसुकै अंगमा लाग्न सक्छ। समयमै यसको निदान गरी उपचार नगरेमा एउटा अंगमा लागेको क्यान्सर फैलिएर अर्को अंगसम्म पुग्न सक्छ। र, बिस्तारै पूरै शरीरलाई आक्रान्त बनाउँछ। यस्तो लक्षण देखिएमा क्यान्सर हुन सक्छ।

खोकीका कारण पनि क्यान्सर हुन सक्छ। लामो समयसम्म खोकी लागिरहने र सजिलै निको नहुने भएमा क्यान्सरको सम्भावना बढेर जान्छ। त्यस्तै, स्वर धोद्रो भएमा क्यान्सर हुन सक्छ। लामो समय औषधिको सेवन गर्दा पनि निको नहुने र स्वर झन् घोद्रो हुँदै गएमा क्यान्सर हुन सक्छ।

शरीरमा आउने कोठीका रङ र आकार परिवर्तन भइरहने समस्या देखिएमा छालाको क्यान्सर हुन सक्छ। यस्तो कोठी बिग्रँदै गएमा पनि सजग हुन अवश्यक छ। त्यसैले कोठी तथा गिर्खाका समस्या आउनासाथ चिकित्सकको सल्लाह लिन जरुरी हुन्छ।

महिलामा लगातार स्तन दुख्ने समस्या भएमा, शरीरमा दुख्ने र नदुख्ने गिर्खा देखिएमा पनि क्यान्सरको सम्भावना बढेर जान्छ। काखीमुनि हुने गिर्खा वा स्तनमा आउने गिर्खा पनि क्यान्सरको पहिलो स्टेज हुन सक्छ।

उपचार गर्दा निको नहुने पुरानो घाउ भएमा त्यसबाट क्यान्सर फैलन सक्छ। असाधारण रूपमा शरीरका कुनै पनि भागबाट रक्तश्राव भएमा वा पिप बगेमा पनि क्यान्सर हुन सक्छ।

दिसा वा पिसाबको रङमा बदलाव आएमा पनि क्यान्सरको सम्भावना हुन्छ। कहिले पातलो, कहिले कस्सिएको दिसा हुनेजस्ता



समस्या देखिएमा पनि क्यान्सर हुन सक्छ। पानीको कम प्रयोग गर्दा पनि छोटो-छोटो समयमा पिसाब लाग्ने भएमा पनि सचेत हुन आवश्यक छ। अपच हुने, खाना निल्न गाह्रो हुनेजस्ता समस्या देखिएमा पनि तत्काल चिकित्सककहाँ जानुपर्ने हुन्छ। यस्तो समस्याले क्यान्सर लाग्नेसमेत खतरा हुन्छ। विनाकारण शरीरको तौल घट्दा पनि क्यान्सर हुन सक्छ।

# के हो बच्चाले धेरै चकचक गर्ने रोग 'एडीएचडी' ?

**डा अरुण कुवर**

धेरैजसो बालबालिकाहरु कुनै पनि कुरामा एकाग्र हुन सक्दैनन्। चकचक गरिरहन्छन्। यसलाई हामी सामान्य रुपमा लिदैँ 'बच्चाको बानी' भन्छौं र त्यति वास्ता गर्दैनौं। तर यो एउटा स्वास्थ्य समस्या पनि हो। यसलाई एटेन्सन डिफिसिट हाइपरएक्टिभिटी डिसअर्डर'(एडीएचडी) भनिन्छ।

विश्वको तथ्यांक हेर्ने हो भनी यस्तो समस्या करिब ३ देखि ५ प्रतिशत बच्चामा देखिन्छ। यस्तो समस्या भएका बच्चाहरु चकचक गरिराख्ने, एकै ठाउँमा बस्न नसक्ने, अरुलाई चलाइ राख्ने ,पढाइमा ध्यान दिन नसक्ने जस्ता समस्या हुन्छन्। टिभी, कम्प्युटर, भिडियो गेममा चाहिँ भुल्छन्।

तर ध्यान दिनुपर्ने कुरा के हो भने ५ वर्षभन्दा मुनीका बालबालिका चकचक गरे सामान्य मान्न सकिन्छ। तर यो उमेरभन्दा बढीका बालबालिकामा एकै ठाउँमा नबस्ने, सामान तोडफोड गर्ने, रिस देखाएर नडराउने, केही कुरा गर्न पनि नडराउने, बढी बोल्ने, अरुलाई जे पनि भन्ने, पिट्ने, कुनै कुरामा पनि ध्यान दिन नसक्ने, दिएको काम पुरा गर्न नसक्ने जस्ता समस्या देखिए एडीएचडीकै कारण हो भन्न सकिन्छ।

मानिसको मष्तिष्कमा ध्यान दिने र शान्त हुने भाग हुन्छ। एडीएचडीको समस्या भएका बालबालिकामा मष्तिष्कको त्यो भाग विकास भएको हुँदैन। कसैको १३-१४ देखि १७-१८ वर्षको उमेरसम्मविकास हुन्छ भने कतिपयलाई जीवनभर नै एडीएचडीको समस्या हुन्छ।

यस्ता बच्चाहरु छिटो एक्सन लिने अर्थात् देखेपछि गरिहाल्ने खालका हुन्छन्। यस्तो समस्या भएका बच्चाहरु बाटो काट्नु पर्‍यो भने सोच्दै नसोची दौडन्छन्। हामफाल्नु पर्‍यो भने हामफालिहाल्ने र झगडा गरिहाल्ने खालका हुन्छन्।

कोही ठुला मान्छे बोलेका छन् भने सोच्दै नसोची बोलिहाल्छन्। पालो कुर्न सक्दैनन्। कतै लाइन बस्नु पर्‍यो भने अगाडिका लाई धकेलेर भएपनि जानुपर्छ। कक्षामा शिक्षकले जे प्रश्न गरेपनि पनि हात उठाउँछन्। हेर्दा चनाखोजस्तै देखिन्छन्। तर उनीहरुमा एडीएचडी समस्या भएको हुन सक्छ।

यस्ता समस्या दुई खालका हुन्छन्। एउटा कुनैपनि कुरामा राम्रोसंग ध्यान दिन नसक्ने खालका हुन्छन्। तिनीहरुलाई बढ्न गाह्रो हुन्छ। बच्चा हेर्दा चलाखजस्तै देखिएपनि उसको बुद्धि विकासअनुसार पढाइमा प्रगति गर्न गाह्रो हुन्छ। पढाईमा राम्रोसंग ध्यान दिन सकेन भने राम्रोसँग सिक्न सक्दैन पनि।

छुकछुक गरिराख्ने, अरुलाई काम गर्नमा बाधा पुर्‍याउने, घरमा एक ठाउँमा नबसिदिने, सामान तोडफोड गरिदिने र साथीलाई मनमा आयो त्यही भनेर पिट्न पनि पछि पर्दैनन्। यस्ता समस्या भएका बच्चालाई गाली गर्नुभन्दा पनि माया गरेर सम्झाउनु पर्छ। समस्याको समयमा नै पहिचान गरी उसलाई जे गर्दा खुसी मिल्छ त्यही गर्न लगाउनु पर्छ।

कक्षाकोठामा नचली बस्न नसक्ने, एकै ठाउँमा बस्न नसक्ने बच्चा छन् भने बीचबीचमा उठ्न दिनुपर्छ। खेलकुदमा भाग लिन लगाउनुपर्छ। बच्चालाई जबर्जस्ती यो काम गर भन्नुभन्दा पनि उसले चाहेको कुरा गर्न दिनुपर्छ। जबसम्म दिमागको ध्यान दिने र शान्त भएर बस्ने भाग विकास हुँदैन। यो समस्या रहिरहन्छ।१७/१८ वर्षको उमेरसम्म हामीले यो रोगको उपचार गरिरहनुपर्छ।

बच्चाहरुलाई हुर्काउने वातावरणले पनि प्रभाव पार्छ। बच्चाहरुलाई खेल्न नदिने, घरभित्रै राख्ने, टीभी मोबाइल दिने, साथीहरुसंग खेल्न छुट नदिने, कुनै काम नगर भन्ने, यहाँ नबस भन्नेजस्ता कुरामा पनि उनीहरुले



ध्यान दिदैँनन्। कुनै कुरामा जति नियन्त्रण गर्‍यो, उति नै समस्या देखिन सक्छ।

आजभोलि बच्चाहरु सानै उमेरदेखि नै टेलिभिजन र मोबाइलमा धेरै समय बिताउँछन्। कुनै चिज मन परेन भने अर्को कुरा माग गर्छन्। यसोगर्दा पनि ध्यान एउटै कुरामा टिकीराख्न गाह्रो हुन्छ। त्यसैले यो समस्या दिनप्रतिदिन बढिरहेको छ। त्यसैले बच्चालाई टीभी, मोबाइलमा एक घण्टाभन्दा बढी समय बिताउन दिनुहुँदैन। दुइ तिहाई बच्चामा उमेर भएपछि अर्थात् १५ वर्षसम्ममा यस्ता समस्या आफैं सुधार भएर जान्छन्। एक तिहाई बालबालिकामा भने यो समस्या जीवनभर रहिरहन सक्छ। यस्तो समस्या ठूलो मानिसमा पनि हुन सक्छ। जसले गर्दा उनीहरु बढी बोल्ने, कुनै कुरामा ध्यान दिन नसक्ने, सवारीसाधन चलाउँदा दुर्घटनामा पर्नेजस्ता समस्या हुन्छ। यस्ता मानिस कुनै पनि काम राम्रोसँग गर्न सक्दैनन्। जसको असर उनीहरुको सम्पूर्ण जिन्दगीमै पर्छ।

सामान्यतः आमाबाबुले बच्चा धेरै चकचके छ भनेर घरमै राख्छन्, नियन्त्रण गर्न खोज्छन्। त्यसैले यो रोग पहिचान पनि ढिला हुन्छ। तर औषधी उपचार गरे यसलाई नियन्त्रण गर्न सकिन्छ। यसको औषधी भने नेपालमा पाइदैन। विदेशबाट ल्याउनु पर्छ। एडीएचडी उपचारबाट भन्दा पनि सहज वातावरण निर्माणबाट समाधान हुन्छ। यदि सबै उपाय गर्दा पनि निको भएन भने उपचार गर्न अस्पताल लैजानुपर्छ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आफन्त र परिवारको राम्रो सहयोग मिल्नेछ। स्वार्थी पार्टनर वा छिमेकीले झुटा मुद्धामा फसाउने छन्। होसीयार रहनु होला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आफन्तको दुःखद समाचार सुन्न पर्ने हुन्छ पेटमा केही समस्या रहनेछ। अनावश्यक खर्च हुने दिन छ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): विदेशिक क्षेत्रबाट राम्रो लाभ हुनेछ। आफन्त को सहयोग मिल्नेछ। अप्रिय समाचार सुन्नु पर्दा मनमा अशान्ती रहनेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): अधुरा कामहरु पुरा हुने छन्। नोकरीमा पदोन्नती हुनेछ। समाजबाट सम्मानित हुनुहुने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): विशिष्ट व्यक्ती संगको भेटघाटले अधुरा कार्यहरु पुरा हुनेछन्। नयाा कामका थालनी हुनेछ। नाम दाम र काम मिल्नेछ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) :शैक्षिक क्षेत्र अधुरो रहनेछ। पेटमा केही समस्या दखिनेछ। खानपानमा सजग रहनु होला।

**तुला** (रा,रि,रू,रे,रो,ता,ती,तु,ते): रमाईलो यात्रामा सहभागी हुने योग छ। भोज भतेरमा सामेल हुनुहुनेछ। बेलुकी पख भने स्वास्थ्यमा केही समस्या देखिएला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : मुद्धामामला पराजय व्यहोर्नु पर्नेछ। यात्रामा चोट पटक लाग्न सक्छ। चोरी लाग्ने सम्भावना रहेको छ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): आर्य आर्जन राम्रो हुनेछ। आफन्तको सहयोग मिल्नेछ। नोकरीमा भने अपजस लाग्न सक्छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो, गा,गी): आफन्तका सहयोगले गरेका कार्यबाट सन्तुष्टि मिल्नेछ। पैत्रिक सम्पतीमा विवाद हुन सक्छ। समय पर्खनु राम्रो।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): शत्रु पक्ष बलसाली रहनेछन्। आर्थिक कारोबारका लागि समय पर्खनु नै उत्तम हुनेछ। आफन्तका असहयोगले ठगीनु होला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय सामान्य खालको छ। स्वास्थ्य प्रतिकुलता आउन सक्छ। संगतको फल नराम्रो पर्न संभावना छ। आफू संयमित रहनु होला।

# मिथिला चित्रकलाको वर्तमान अवस्था र भविष्य

**सुनैना ठाकुर**

मिथिला चित्रकलालाई परिभाषित गर्न जरूरी नै छैन। किनभने मिथिला चित्रकला आफैमा परिभाषित छ। म सानै छँदा मिथिला कलाप्रति प्रेरणा मिलेको हो। सानैमा आमा, हजुरआमाले माटोले घरको भित्तामा विभिन्न प्रकारको चित्रकला बनाएको देख्थें। त्यसबखत म उहाँहरूलाई यो के बनाउनु भएको भनेर सोध्थें। त्यस बेला उहाँहरूले यो घरको सजावटको लागि बनाएको भन्नुहुन्थ्यो। त्यसपछि मैले पनि त्यहीं चित्रलाई आफ्नो कापीमा कोर्न थालें र विद्यालय तहको पढाइमा पनि त्यस्तै हजुरआमाले बनाएको जस्तो चित्रहरू बनाएर प्रथम हुन थालें। यसरी नै मैले चित्र बनाउँदै जाने कामको सुरूवात भयो। तर पछि जब मेरो विवाह भयो, मबाट चित्रकालकारितो एक प्रकारले हराउँदै गयो। केही समयपछि जनकपुरमा चित्रकला प्रदर्शनी भयो। त्यसमा ३६० महिला सहभागि थिए। त्यसमा म पनि सहभागी भए र प्रथम हुन सफल भएँ। त्यसबाट मलाई हौसला मिल्यो। ३६० जनामा म प्रथम हुन सक्छु भने मैले अझ धेरै राम्रो गर्न सक्छु भन्ने लाग्यो। यस्तैमा चित्रकलामा रूची भएको २ जना महिलालाई तालिम दिने भन्ने कुरा थाहा पाएँ। त्यसमा पनि मेरो नाम परेछ। त्यस तालिमको समयमा पनि आफ्नो क्षमतालाई बाहिर ल्याउने अवसर मिल्यो। यसबाट पनि मलाई प्रेरणा मिल्दै गयो। यसको साथसाथै घर परिवारको पनि सहयोग मिल्यो।

सुरूमा त मलाई कठिनाई नै भयो। किनभने तालिमको अवधिमा मैले घरको सदस्यहरूलाइ मनाउनको लागि धेरै मेहनत गर्नुपर्‍यो। कठिनाई भए पनि परिवारका सदस्यहरूलाई मनाएर म त्यस तालिममा गएँ। विशेष गरी यसमा मेरो श्रीमानको ठूलो सहयोग छ।

यो १२/१३ वर्षको अवधिमा धेरै चुनौतीको सामना गर्नुपर्‍यो। घरबाट खुट्टा अगाडी बढायो भने हरेक पाइलामा चुनौती नै छ। त्यो चुनौती पार गर्दा(गर्दा यो अवस्थासम्म आइपुगेको छ। एक त महिलाको विवाह भइसकेपछि परिवार, बालबच्चामै सिमित हुनुपर्ने बाध्यता छ। एक विवाहित महिलाले घरको काम भ्याउनै पर्ने हुन्छ। त्यसमा पनि बाहिरको काम गर्‍यो भने अर्को समस्या आउँछ। मैले कसरी समय मिलाउने त यसमा विशेष ध्यान दिन थालें। त्यसमाथि समाजको बाधा त हुने नै भयो। त्यस किसिमका थुप्रै बाधाहरू मैले पक्कै भोगेको छु।

महिलालाई घरबाहिर निस्केर काम गर्नका लागि आफ्नो परिवारको सहयोग अवश्य चाहिन्छ। परिवारको सहयोग बिना कुनै पनि मानिस अगाडि बढ्न नै सक्दैन। त्यो चाहे पुरूष होस् या महिला। म बाहिर भएको समयमा घरको काममा श्रीमानले सहयोग गरिदिने, बच्चाको हेरविचार गरिदिने, म कता जानुपर्ने हो त्यो ठाउँ पत्ता लगाएर त्यहाँसम्म पुऱ्याइ दिने जस्ता थुप्रै सहयोग पाएको छु।

मैले यो मिथिला चित्रकला सुरू गर्दा कहिले काहिँ आफैलाई आत्मग्लानी हुन्थ्यो र छोडिदिउँ जस्तो लाग्दथ्यो। तर अहिले आएर यसको भविष्य एकदम राम्रो देखेको छु। यो सीता जन्मेको भूमि हो। यसलाई मिथिला राज्य भने पनि हुन्छ। पहिला धारणा के थियो भने मिथिला चित्रकला मधेशको हो र मधेशको मान्छेले मात्र बनाउँछ तर यो सत्यता होइन। हामी सबै यहि धर्तीमा जन्म लियौं, यो चित्रमा कुनै जात छुट्याउन मिल्दैन। पहाड तराई भनेर छुट्याउन मिल्दैन। त्यसकारण यसको भविष्य म राम्रो देख्छु। पछि गएर विद्यार्थीले एसएलसी. दिएपछि अरू विषय पढे जस्तै मिथिला कला पनि पढ्न सकुन्। अहिले नै यस्तो समय नआए पनि केही समय पछि पक्कै पनि हुनेछ। यसमा प्रचारप्रसारको पनि जरूरी छ। केही समय अघि नै मैले 'समानता' शीर्षक राखेर चित्रकला प्रदर्शनी गरें। त्यसमा समानताका साथसाथै अन्य सामाजिक परिवेश पनि देखाएको थियो। बिना समानताले एउटा परिवार, समाज, देश अगाडि बढ्न सक्दैन। त्यस चित्रमा पनि मैले धर्मनिरपेक्ष नेपाल भनेर बनाएको थिएँ। त्यसपछि नारी शक्ति भन्ने थियो। यस्ता चित्रहरू धेरै थिए। एक जना मानिसले १०० जनाको आवाज बोल्न सक्दैन तर एउटा चित्र ती सय जनाको आवाज बोल्न सक्छ। त्यसकारण पनि मलाई लाग्छ यसको भविष्य राम्रो छ।

समाजमा महिलालाई के कस्ता समस्या छन्, ती समस्याहरू कसरी भइरहेको छ, महिलालाई के आवश्यक छ र त्यसलाई कसरी परिपूर्ति गरिरहेका छन् जस्ता सन्देश मैले आफ्नो चित्रमार्फत समाजलाई दिन खोजिरहेको छु। महिला के हो र महिलालाई यति हेला किन ? लिखित रूपमा अधिकार दिएको भए पनि त्यो कागजमा मात्र सिमित छ।

सुरूवात त मैले आफ्नो गाउँबाट नै प्रदर्शनी सुरू गरेको थिएँ। त्यपछि नगरपालिका, राजधानी काठमाडौं, पोखरामा गरें। त्यसपछि युएईमा पनि मैले प्रदशनी गर्ने मौका पाएँ। त्यहाँ मैले प्रदर्शनीका साथै सम्मान पनि पाएँ। यससँगै भारत, युरोपमा पनि प्रदर्शनी भयो। अहिले भर्खरै पछिल्लो पटक काठमाडौंमा प्रदर्शनी सम्पन्न भएको छ।

सुरूमा त मलाई पनि लाग्थ्यो कि यसबाट जिविकोपार्जन हुन सक्दैन तर अहिले म आफै भन्छु कि यसबाट जिविकोपार्जन गर्न सकिन्छ। मिथिला चित्रकलाबाट नामका साथसाथै आयआर्जन पनि गर्न सकिन्छ। चित्रकला आफैमा मूल्य नभएको वस्तु हो तर विदेशी पर्यटकले आफ्नो देश फर्कने क्रममा नेपालको मायाको चिनो लैजान खोज्छन्। त्यसमा पनि मिथिला चित्रकला अत्याधिक खोजि रहेका छन् । यो त विदेशी पर्यटकले लैजाने चित्रको माध्यमबाट भयो। चित्रको साथसाथै मैले टिर्सट, साडी, कुर्ता, ब्याग आदिमा पनि पेन्टिङ गरिरहेको हुन्छु। यस्ता सामानहरू त देशभित्र पनि बिक्री भइरहेको छ। म लगायत मैले ८ जना महिलालाई काम दिइरहेको छु। उनीहरूले पनि त्यसबाट भएको आम्दानीले राम्ररी परिवार चलाइ रहेका छन्।

मिथिला चित्रकलालाई व्यवसायीकरण गर्नका लागि पहिला यसको प्रचार प्रसार जरूरी छ। अर्को कुरा, यसको बजारीकरण पनि आवश्यक छ। सरकारले पनि यसमा ध्यान दिनुपर्ने छ। बजारमा कस्तो किसिमको माग छ त्यसमा पनि निर्भर रहनुपर्छ। मिथिला चित्रकला गर्न इच्छुक हुनेहरूका लागि पनि तालिम केन्द्रहरू खोल्नुपर्छ। यसको लागि सरकारलाई त घचघच्याउनु त पर्छ।

---

# गोरखामा ६ लाख प्रकारका दैनिक उपभोग्य वस्तु र ताजा तरकारीहरू उपलब्ध

पहिलो पृष्ठबाट क्रमश...

५० कर्मचारी राखिएका छन्। गोरखाले डिपाटेन्टमा आउने ग्राहकको सुविधाका लागि ग्राउण्ड फ्लेमा ७५ वटा हल्का सवारी अट्ने पार्किङ, १२ सय मोटरसाइकल पार्किङस्थलको सविधा उपलब्ध गराएको बताइएको छ।

२०५६ साल असार देखी इटहरीमा गोर्खा डिपार्टमेन्ट स्टोर सञ्चालनमा ल्याएको कम्पनीले यसअघि विराटचोक, पथरी, दमकमा गोर्खाका शाखाहरु सञ्चालन गर्दै आएको छ। धरानमा सञ्चालन शुरु भएको पाँचौ गोर्खा डिपार्टमेन्ट स्टोर १ लाख ४२ हजार स्वायर फुटमा फैलिएको छ। सञ्चालक बलराम आचार्यका अनुसार गोरखाको उक्त भवन १ अर्ब २५ करोड रुपया लागतमा निर्माण भएको हो। लामो प्रतिक्षा पछि सर्वसाधारणका लागि खुलेको गोर्खा डिपार्टमेन्ट स्टोरको शुक्रवार आयोजित एक कार्यक्रमका विच धरानका नगर प्रमुख तारा सुब्बाले रिबिन र केक काटेर उद्घाटन गरे। प्रमुख सुब्बा, उपप्रमुख मञ्जु भण्डारी सहित आमन्त्रितहरुले पहिलो पटक गोरखाको अवलोकन गरे। उक्त अवसरमा नगर प्रमुख सुब्बाले गोर्खाको स्थापनाले धरानको आर्थिक गतिविधिमा महत्पुर्ण भुमिका खेल्ने बताए। उनले भने 'यसबाट धरानको आर्थिक विकासमा ठूला सहयोग पुग्ने निश्चित छ।'

गोरखाका सञ्चालक आचार्यले ग्राहकको सेवा र सुन्तुष्टिलाई नै आफ्नो सफलता मान्दै आएको बताउँदै धरानको पाँचौ शाखामा २ सय ५० जनालाई रोजगारी दिएको साथै बेकरी, शुद्ध पानी, दुधजन्य पादार्थको आफै उत्पादन गर्दै आएको बताए। उद्घाटनको अवसरमा गोरखाले सर्वसाधारण उपभोक्तका लागि आकर्षक भाषामा 'न्याय नपाए गोरखा जानु, सामान नपाए गोरखा डिपार्टमेन्ट जानु' सन्देश दिएको छ। सञ्चालक आचार्यका अनुसार गोरखा डिपार्टमेन्ट पहिलो पटक शुरु गर्दा २०५६ साल असार २ गते १४ जना कर्मचारी र दुई दर्जन उपभोग्य सामाग्रहरु राखेर इटहरीबाट शुरु गरिएको थियो। उदघाटन कार्यक्रममा उत्कृष्ट कर्मचारी खेम खत्री, होम लाल, ललित केशी र धन बहादुर लिम्बुलाई सम्मान गरिएको थियो।

पछिल्लो समय नेपाली उपभोक्ताहरुमा डिपार्टमेन्ट स्टोरमा किनमेल गर्ने संस्कृति व्हातै बढेको छ। त्यस्मा धराने उपभोक्ता निकै अगाडि छन्। किनमेलका लागि विराटनगर-जोगबनीसम्म पुग्ने उपभोक्ता बजारलाई लक्षीत गरेर गोरखाले ठूलै लागानीमा डिपार्टमेन्ट स्टोरको भवन निर्माण गरेको हो। धरानमा गोर्खा डिपार्टमेन्ट सञ्चालनमा आएसंगै धरानको उपभोक्ता बजारमा डिपार्टमेन्टल किनमेलको लागि रोजाइको नयाँ अवसर थपिएको छ। यस अघि सञ्चालनमा आएका बराह ज्वेलरीको डिपामेन्ट, भाटभटेनी डिपार्टमेन्ट, बोनस मल लगायतको बजारले उपभोक्ता लाई एकै ठाउँमा आफुले खोजेको र रोजेको दैनिक उपभोग्य वस्तु देखी अन्य सामाग्री किनमेल गर्न सहज बजार उपलब्ध गराएको थियो। गोर्खा सञ्चालनमा आए संगै उपभोक्ता बजारमा वस्तुको गुणस्तरियता र सुपथ मुल्यको तुलना ग्राहक उपभोक्ताहरुले गर्ने छन्।

सर्वसाधारणका लागि डिपार्टमेन्ट बजार खुला गरिए संगै गोर्खाले सर्वसाधारण उपभोक्ता लाई आवश्यक पर्ने दैनिक घरायसी उपभोग्य सामग्रीहरुका साथ अन्य सम्पूर्ण दैनिक आवश्यक सामानहरु, सिजन अनुसारका अन्तर्राष्ट्रिय ब्राण्डका कपडा समेत उपलब्ध एउटै छानामुनिबाट ग्राहकहरुलाई सर्वसुलभ, सहज एवं सरल मूल्यमा उपलब्ध गराउने प्रतिवद्धता जनाएको छ। पूर्वी पहाडी जिल्लाका लागि एउटा महत्वपूर्ण व्यापारिक केन्द्रको रुपमा स्थापित भएको अवस्थामा धरानको व्यापारिक गतिविधि लार्य गोर्खाका स्थापनाले अघि बढाउने दाबी गर्दै गोर्खाले पूर्वान्चलकै सबैभन्दा ठूलो र पहिलो गोरखा डिपार्टमेन्ट स्टोरले स्थानीय उपभोक्ताहरुले सरल, सहज एवं सस्तो मूल्यमा गुणस्तरीय उपभोग्य सामानहरु खरिद गर्न पाउने प्रत्याभुति पनि जाहेर गरेको छ। धरानको गोरखा डिपार्टमेन्ट स्टोर हरेक दिन विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म सन्चालनमा आउने तथा गोरखा किचन बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म सन्चालनमा आउने र बेलुका ५ बजेदेखि अल्कोहल लगायतका खाद्य पदार्थ किचनमा उपलब्ध कम्पनीले जनाएको छ।



# 'तोकिएको समयमा काम पूरा नगर्नेलाई कारवाही'

सप्तरी / प्रदेश नं २ का भौतिक पूर्वाधारमन्त्री जीतेन्द्र सोनलले भौतिक निर्माणका काम छिटोछरितो एवं तोकिएको समयमा काम पूरा नगर्ने सम्बन्धित निकाय कारवाहीमा पर्ने बताएका छन् ।

उन बुधबार राजविराजमा पत्रकारसँग कुरा गर्दै तराई(मधेशमा काम नगर्ने, ढिलासुस्ती गर्ने तथा गुणस्तरहीन काम गर्नेलाई बर्खास्त गर्न सकिने बताए । विकास निर्माणका दृष्टिले प्रदेश नं २ अत्यन्त पछाडि रहेकाले तीव्ररुपमा अगाडि बढ्नुपर्नेमा जोड दिँदै राष्ट्रिय जनता पार्टी नेपाल संसदीय दलका नेतासमेत रहेका मन्त्री सोनलले केन्द्रीय योजनामा समेत मनपरी ढंगले काम गर्ने छुट कसैलाई नहुने बताए ।

मन्त्री सोनलले केन्द्रीय सरकारको विकास निर्माणको कामलाई निगरानी र खबरदारी गर्ने काम प्रदेशले गर्ने बताउँदै निर्माणसम्बन्धी काम समयमा पूरा नहुनाको मुख्य कारण निर्माण कम्पनीले एकदमै घटाएर काम गर्ने जिम्मा लिने गरेकोप्रति चिन्ता व्यक्त गरे ।

# अत्यधिक रक्तश्रावबाट सुत्केरीको मृत्यु

सोलुखुम्बु / सुत्केरीलाई बचाउने सोलु अस्पताल फाप्लुका चिकित्सकको प्रयास असफल भएको छ ।

बुधबार सुत्केरी व्यथा लगेर अस्पताल भर्ना भएकी थुलुङ दूधकोशी गाउँपालिका(८ देउसाकी १८ वर्षीया अनिषा राईलाई बचाउन सकिएन । सामान्य तरीकाले शिशु जन्माएकी राईको अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको जिल्ला अस्पताल फाप्लुका मेडिकल अधिकृत डा राजेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

बुधबार अपराह्न १:४५ बजे छोरालाई जन्म दिएकी राईको सालसँगै पाठेघरसमेत योनीमार्गमा आएर अत्याधिक रक्तश्राव भएको डा बस्नेतले बताउनुभयो । "तत्काल उपचार सम्भव नभएपछि जनरल एनेस्थेसिया पद्धतिबाट उपचार गर्नुपर्ने भएपछि थप उपचारको लागि मिसन अस्पताल ओखलढुंगा रेफर गरिएको थियो", उपचारमा संलग्न डा दिलीप कोजुले भन्नुभयो, "पूरै शरीर बेहोश बनाएर पाठेघरलाई यथास्थानमा राख्ने या शल्यक्रियामार्फत पाठेघर काटेर फाल्नुपर्ने हुन्छ, यो उपचार सेवा अञ्चल अस्पतालमाथि बाहेक अन्यमा उपलब्ध हुँदैन, त्यसैले रेफर गर्नुको विकल्प थिएन ।"

"अत्यधिक रक्तश्राव हुन थाल्यो, ओ पोजेटिभ रगत आवश्यक पर्ने भएपछि अस्पतालक स्वास्थ्य सहायक आङलह्मु लामाले रगतसमेत दिनुभएको थियो", डा बस्नेतले भने, "मिशन अस्पताल ओखलढुंगामा सम्पर्क गरी थप उपचारका लागि तत्काल जीप खोजेर डा कोजु र स्टाफ नर्ससहित त्यसतर्फ लागेका थियौँ, सुत्केरीको बाटोमै मृत्यु भयो ।

सुत्केरी बचाउन रगतसहित गए पनि करीब २० किमीको दूरीमा पर्ने तिङ्लाको रमितेमा उनको मृत्यु भएको थियो । आफन्तले जिल्लामा स्रोत र साधन नहुँदाको उपज आफूहरूले भोग्नुपरेको प्रतिक्रिया दिएका छन् । बाटामै मृत्यु भएको शंका लागेपछि सुत्केरीलाई पुनः जिल्ला अस्पताल फाप्लु नै फर्काएर इसिजी गरिएको थियो । सुत्केरीको जेठाजु नाता पर्ने थामकुमारले भन्नुभयो, "जिल्लामा स्रोतसाधनयुक्त अस्पताल नहुँदा सुत्केरीको अकालमै ज्यान गयो, राज्यले ध्यान दिनु जरुरी छ ।"


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

**सम्पर्क स्थान**

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा ववासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्र्दुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
**०३१-५५०१०६,**
**९८०७७७३८९१,**

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



## सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

**प्रो बिमल कुमार झा**
**छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका**
**१ फत्तेपुर हटिया छिर्ने बाटो**



## सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

**सम्पर्क :**
**विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स**
**सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर**
**पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१**






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

